नेपाल राष्ट्र बैंक समाचार

वर्ष ५० | अङ्क ६ | फागुन २०८२ | फेब्रुअरी-मार्च २०२६


## सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न

# सम्पत्ति शुद्धीकरण निवारणमा साझा प्रतिबद्धता आवश्यक: गभर्नर पौडेल



'Contemporary Issues Pertaining to Anti Money Laundering and Combating the Financing of Terrorism (AML/CFT)' विषयक दुई दिने अन्तर्राष्ट्रिय सम्मेलन माघ २८ र २९ गते काठमाडौंमा सम्पन्न भएको छ। नेपाल राष्ट्र बैंक, सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाद्वारा उक्त सम्मेलन आयोजना गरिएको हो।

सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले नेपाल फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटीएफ) को 'ग्रे-लिस्ट'मा परेको अहिलेको समयमा सम्पत्ति शुद्धीकरण निवारणका आन्तरिक संयन्त्रलाई थप सुदृढ र सबलीकरण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "ग्रे-लिस्टमा पर्नु चुनौतीपूर्ण भए पनि आन्तरिक संयन्त्रलाई सुदृढ, पारदर्शी र विश्वव्यापी मापदण्डसँग एकाकार गर्नुपर्ने दिशामा यसले हामीलाई महत्त्वपूर्ण पाठ सिकाएको छ।"

राज्यका जिम्मेवार निकायको साझा प्रतिबद्धता र सहकार्यबाट मात्रै सम्पत्ति शुद्धीकरण तथा अन्य वित्तीय अपराधको नियन्त्रणमा सहयोग पुग्ने धारणा गभर्नर पौडेलले राख्नुभयो। वित्तीय अपराधविरुद्धको लडाइँ कुनै एउटा निकाय वा क्षेत्रमा सीमित नभएको उल्लेख गर्दै उहाँले बैंकिङ, बीमा, पुँजीबजार, सहकारी र सबै सरोकारवाला पक्षको साझा प्रतिबद्धताबाट मात्र सफल हुने विचार व्यक्त गर्नुभयो। सम्पत्ति शुद्धीकरण निवारणको प्रयासमा देखिएका कमजोरी सुधार गर्दै नवीनतम अभ्यासको अनुसरण गर्ने सन्दर्भमा उक्त सम्मेलन फलदायी रहने उहाँको विश्वास थियो।






सम्मेलनमा स्वागत मन्तव्य राख्दै बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घबहादुर रावलले सम्पत्ति शुद्धीकरण निवारणमा देखिएका जोखिम र चुनौतीलाई सम्बोधन गर्न तथा नियामकीय र सुपरिवेक्षकीय अभ्यासको सुदृढीकरण गर्न उक्त सम्मेलन सार्थक रहने धारणा राख्नुभयो । उद्घाटन सत्रमा राष्ट्र बैंकका सञ्चालक चिन्तामणि शिवाकोटी र बैंकका कार्यकारी निर्देशकहरूको उपस्थिति थियो ।

सम्मेलनमा भारत, बङ्गलादेश, श्रीलङ्का र मङ्गोलियाका विषय विज्ञ र नेपाल राष्ट्र बैंकसँगै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विभिन्न मन्त्रालय, वित्तीय क्षेत्रका नियामकीय निकाय, नेपाल सरकारका नियमनकारी र अनुसन्धानकारी निकायका प्रतिनिधिको सहभागिता थियो । सम्मेलनमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका समसामयिक चुनौती र जोखिम, सो विषयका नियामकीय, सुपरिवेक्षकीय र न्यायिक दृष्टिकोण, सम्बद्ध निकायका क्षमता अभिवृद्धिलगायतका विषयमा सघन छलफल भएको थियो ।

सम्मेलनको पहिलो दिन दुई वटा कार्यपत्र प्रस्तुत भयो भने एउटा विषयमा प्यानल छलफल भएको थियो । नेपाल राष्ट्र बैंकका उप-निर्देशक अभियान उपाध्यायले ‘Current Status of AML/CFT Regime in Nepal with Regards to Mutual Evaluation 2023' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, श्रीलङ्काको वित्तीय जानकारी इकाइका वरिष्ठ सहायक निर्देशक सुपुन गुणासेकाराले ‘Pertinent Issues on Trade and Service Based Money Laundering and Counter Measures विषयमा दोस्रो कार्यपत्र प्रस्तुत गर्नुभयो । सम्मेलनका क्रममा 'The Importance of Consolidated and Co-ordinated Efforts to Counter Money Laundering (Supervisory Perspectives)' विषयमा विज्ञहरूबीच प्यानल छलफल भएको थियो । सो छलफलमा पर्यटन विभागका महानिर्देशक रामकृष्ण लामिछाने, वित्तीय जानकारी इकाइका प्रमुख वासुदेव भट्टराई, धितोपत्र बोर्डका कार्यकारी निर्देशक रुपेश केसी, नेपाल बीमा प्राधिकरणका उप-निर्देशक हृदयश्वर पण्डित र बङ्गलादेश बैंकका उप-निर्देशक मोहम्मद फैसल कबिर सहभागी हुनुहुन्थ्यो भने बैंकिङ विज्ञ भुवनकुमार दाहालले छलफलको सहजीकरण गर्नुभएको थियो ।

सम्मेलनको दोस्रो दिन तीन वटा कार्यपत्र प्रस्तुतिसँगै एउटा प्यानल छलफल भएको थियो । रिजर्व बैंक अफ इण्डियाका महाप्रबन्धक विजय रैनाले ‘Regulatory Tools and Techniques to Detect ML/PF/TF including RBI initiatives: Data analytics and Use of Technology in Supervision and Risk Assessments' र मङ्गोलियाको फाइनान्सियल रेगुलेटरी युनिटका सुपरीवेक्षक नोमिचुलुन बाट्सुखले ‘From Increased Monitoring (Grey List) to Delisting' - Impacts, Success Story, and Lessons from Mongolia’s Journeys to Delisting and Take Away for Nepal' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

यसै गरी, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका प्रकाशचन्द्र सापकोटाले ‘Financial Intelligence Unit Report Dissemination and its Use Under ML/TF Investigation' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो भने सम्मेलनको अन्तिम सत्रमा ‘The Importance of Consolidated and Coordinated Efforts to Counter Money Laundering TF/PF (Judicial Perspectives)' विषयमा विज्ञहरूबीच छलफल भएको थियो । उक्त छलफलमा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार विमल पौडेल, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक गजेन्द्रकुमार ठाकुर, कानुन मन्त्रालयका सहसचिव विनोदकुमार भट्टराई, केन्द्रीय अनुसन्धान ब्यूरोका प्रहरी उपरीक्षक अमरेन्द्रबहादुर सिंह र भारत सरकार, डिरोक्टेरेट अफ इन्फोर्समेन्टका सहायक कानुनी सल्लाहकार गौरव सैनीको सहभागिता थियो भने नायब महान्यायाधिवक्ता संजीवराज रेग्मीले छलफलको सहजीकरण गर्नुभएको थियो ।

सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाका प्रमुख आर्या जोशीले सम्मेलनको सङ्क्षिप्त समीक्षा गर्दै समापन मन्तव्य राख्नुभयो । महाशाखाका सहायक निर्देशकद्वय साधना सुवेदी र सुजल ढुङ्गानाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

नेपाल एफएटीएफको ‘ग्रे-लिस्ट’मा परेको सन्दर्भमा सम्पत्ति शुद्धीकरण निवारणमा कानुनी तथा नीतिगत व्यवस्थाको सबलीकरण र प्रभावकारी कार्यान्वयन, अन्तरनिकाय समन्वय, अन्य मुलुकका असल अभ्यासको अनुसरण र क्षमता विकासको निम्ति यो सम्मेलन परिणाममुखी हुने अपेक्षा गरिएको छ । ■

# गभर्नर पौडेल र पिपुल्स बैंक अफ चाइनाका गभर्नर फानबीच भेटवार्ता

नेपाल राष्ट्र बैंकका गभर्नर प्रा.डा. विश्वनाथ पौडेल र पिपुल्स बैंक अफ चाइना (पीबीओसी) का गभर्नर श्री फान कोङसङबीच माघ १४ गते भेटवार्ता भएको छ ।

Bank for International Settlements (BIS) द्वारा चीनको तियान्जिनमा आयोजित '20th Asia-Pacific High-level Meeting on Banking Supervision' कार्यक्रममा सहभागी हुने क्रममा उहाँहरूबीच भेटवार्ता भएको हो । भेटका अवसरमा उहाँहरूबीच नेपाल र चीनबीच सीमापार भुक्तानी, लगानी तथा सहयोग आदानप्रदानका क्षेत्रका अवसर र चुनौतीबारे छलफल भयो । साथै वित्तीय क्षेत्रका उदीयमान अभ्यास, नवप्रवर्तन र प्रविधिको विकासबाट हुने लाभ र दुईपक्षीय सहयोग आदानप्रदानका विषयमा गभर्नरद्वयबीच छलफल भएको थियो ।



यसका अतिरिक्त दुवै मुलुकका नागरिकको भ्रमणका क्रममा क्युआर कोडमार्फत हुने भुक्तानीको सहजीकरण तथा लागत न्यूनीकरण गर्ने विषयमा समेत उहाँहरूबीच छलफल भएको थियो । सो अवसरमा पीबीओसीका गभर्नर फानले विद्युतीय भुक्तानी कारोबारको आधुनिकीकरण, सहयोग आदानप्रदान र सहकार्यका लागि चिनियाँ केन्द्रीय बैंक तयार रहेको धारणा राख्नुभयो ।

चीन भ्रमणका क्रममा गभर्नर पौडेलले दुई केन्द्रीय बैंकबीच सहकार्य, समन्वय र सञ्चारको निरन्तरता आवश्यक रहेको र यसका लागि आवश्यक भूमिका निर्वाह गर्न नेपाल राष्ट्र बैंक तत्पर रहेको विचार व्यक्त गर्नुभयो ।

भेटका अवसरमा पिपुल्स बैंक अफ चाइना (पीबीओसी) का अन्तर्राष्ट्रिय विभागकी महानिर्देशक चउ यु तथा राष्ट्र बैंकका तर्फबाट बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घबहादुर रावल र गभर्नरको कार्यालयका सहायक निर्देशक रोशन न्यौपानेको समेत सहभागिता थियो । ■

# गभर्नर पौडेल र आरबीआईका गभर्नर मलहोत्राबीच भेटवार्ता

नेपाल राष्ट्र बैंकका गभर्नर प्रा.डा. विश्वनाथ पौडेल र भारतीय रिजर्व बैंक (आरबीआई) का गभर्नर सञ्जय मलहोत्राबीच माघ ५ गते भेटवार्ता भएको छ ।

मुम्बईस्थित आरबीआईको मुख्यालयमा सम्पन्न भेटवार्तामा नेपाल र भारतबीच हुने अन्तरदेशीय विद्युतीय भुक्तानी कारोबार र दुईपक्षीय हितका विषयमा छलफल भयो । भेटका अवसरमा नेपाली नागरिकले भारत भ्रमणका क्रममा क्यूआर कोडमार्फत हुने भुक्तानीलाई सहजीकरण गर्ने विषयमा छलफल केन्द्रित थियो । यसै गरी, मौद्रिक नीति, तरलता व्यवस्थापन, विदेशी विनिमय व्यवस्थापन, आर्टिफिसियल इन्टिलिजेन्समा आधारित सुपरिवेक्षण, सूचना प्रविधिको क्षेत्रमा आरबीआईले गरेका असल अभ्यासबारे छलफल भएको थियो । साथै, वित्तीय क्षेत्रका उदीयमान र समसामयिक मामिलासँगै दुईपक्षीय सहयोग आदानप्रदानका विषयमा समेत छलफल भएको थियो ।



नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक किरण पण्डित, भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक डा. सत्येन्द्र तिमिल्सिना र बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घबहादुर रावलले विभागका कामकारबाहीसँग सम्बन्धित विभिन्न विषयमा आरबीआईसँग सहकार्य गर्न सकिने विचार राख्नुभएको थियो ।

भारत भ्रमणका दौरान गभर्नर पौडेलले माघ ६ गते गुजरात, अहमदाबादस्थित 'इन्टरनेसनल फाइनान्सियल सर्भिस सेन्टर्स अथोरिटी' (IFSCA) का उच्च अधिकारीहरूसँग समेत भेटवार्ता गर्नुभएको थियो । भेटका अवसरमा IFSCA का तर्फबाट 'गुजराज इन्टरनेसनल फाइनान्स टेक-सिटी (GIFT City) अवधारणा, हालको अवस्था, लगानी प्रवर्द्धनको लागि अवलम्बन गरिएका नीति र नेपाल राष्ट्र बैंकसँग सहकार्य गर्न सकिने विषयमा छलफल भएको थियो । ■

# 'रिभल्भिङ फन्ड" सञ्चालनसम्बन्धी समझदारी



नेपालको ग्रामीण तथा अर्ध-सहरी क्षेत्रमा वित्तीय पहुँच विस्तार र साना तथा मझौला उद्यम प्रवर्द्धनका निम्ति 'रिभल्भिङ फन्ड' सञ्चालनमा ल्याइएको छ।

'Sustainable Economic Development in Rural and Semi-Urban Areas (SEDRA)' परियोजनाअन्तर्गत उक्त फन्ड सञ्चालनमा ल्याइएको हो। जर्मन डेभलपमेन्ट बैंक (केएफडब्लु)को दुई करोड युरोबराबरको वित्तीय सहयोगमा स्थापित उक्त फन्डको परिचालन राष्ट्रिय वाणिज्य बैंकमार्फत हुनेछ। गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको उपस्थितिमा माघ २७ गते आयोजित कार्यक्रममा 'रिभल्भिङ फन्ड' सञ्चालनसम्बन्धी समझदारी भएको हो। समझदारीपत्रमा वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाका का.मु. निर्देशक शिखा अधिकारी रेग्मी र राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले हस्ताक्षर गर्नुभयो।

सो अवसरमा गभर्नर पौडेलले साना तथा मझौला उद्यम नेपालको अर्थतन्त्रको मेरुदण्ड रहेको उल्लेख गर्दै स्थानीय स्रोतको उपयोग, उद्यमशीलताको विकास र रोजगारी सिर्जनामा त्यस्ता उद्यमको योगदान महत्त्वपूर्ण हुने बताउनुभयो। 'सेड्रा परियोजना'मार्फत दिगो र नियमित रूपमा वित्तीय स्रोत परिचालन हुने उल्लेख गर्दै यसबाट ग्रामीण र अर्ध-सहरी क्षेत्रमा साना तथा मझौला उद्यमशीलताको विकासमा टेवा पुग्ने विश्वास उहाँले व्यक्त गर्नुभयो।

सो अवसरमा नेपालस्थित जर्मन दुतावासका डेपुटी चिफ अफ मिसन डा. बेन्जामिन सेइडलले जर्मनी र नेपालबीच प्रगाढ सम्बन्ध रहेको चर्चा गर्दै सेड्रा परियोजनाले लक्षित वर्गमा वित्तीय पहुँच विस्तार र साना तथा मझौला उद्यमको प्रवर्द्धन गर्ने धारणा राख्नुभयो।



गभर्नरको कार्यालयका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले साना तथा मझौला उद्यमको विकास र दिगो वित्तीय स्रोत परिचालनका लागि 'रिभल्भिङ फन्ड' महत्त्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो। केएफडब्लुको नेपाल र बङ्गलादेशस्थित अफिस डाइरेक्टर माइकल समसरले सेड्रा परियोजना र 'रिभल्भिङ फन्ड'का विविध पक्षबारे धारणा राख्नुभयो।

कार्यक्रममा राष्ट्र बैंकको विभिन्न विभागका कार्यकारी निर्देशक, निर्देशक, अर्थ मन्त्रालय र जर्मन सहयोग नियोगका अधिकारी, विभिन्न वाणिज्य बैंक र विकास बैंकका प्रमुख कार्यकारी अधिकृतलगायतको उपस्थिति थियो। केएफडब्लुको वित्तीय सहयोगमा नेपालमा सन् २०१८ देखि 'सेड्रा परियोजना' सञ्चालन हुँदै आएको छ। सोही परियोजनाअन्तर्गतको मौजुदा कोषलाई 'रिभल्भिङ फन्ड'मार्फत परिचालन गर्न लागिएको हो। सन् २०३४ सम्म उक्त फन्ड सञ्चालन हुने जनाइएको छ।

उक्त कोष सञ्चालन र व्यवस्थापनका निम्ति 'रिभल्भिङ फन्ड सञ्चालन निर्देशिका, २०८२' जारी गरिएको छ। राष्ट्रिय वाणिज्य बैंकले उक्त फन्डको सञ्चालन गर्नेछ। वाणिज्य बैंकबाट 'क' वर्गका अन्य बैंक र राष्ट्रियस्तरका विकास बैंकले उक्त फन्डबाट वित्तीय स्रोत प्राप्त गरी साना तथा मझौला उद्यममा कर्जा प्रवाह गर्नेछन्। नेपाल राष्ट्र बैंक, वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाबाट उक्त परियोजनाको सुपरिवेक्षण र अनुगमन हुनेछ। ■

# सरकारी कारोबारसम्बन्धी अनुशिक्षण




बैंकिङ विभागले माघ ११ गते काठमाडौंमा सरकारी कारोबारसम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

बैंकिङ विभागका कार्यकारी निर्देशक रोशनकुमार सिग्देलको अध्यक्षतामा आयोजित कार्यक्रममा महालेखा नियन्त्रक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, सरकारी कारोबारमा संलग्न वाणिज्य बैंकका प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रममा विभागका सहायक निर्देशकद्वय मञ्जु पौड्याल र इच्छा चौहानले क्रमश: 'सरकारी कारोबारको परिचय तथा व्यवस्थाहरू' र 'सरकारी कारोबारको प्रक्रिया तथा समस्या' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यस्तै, महालेखा नियन्त्रकको कार्यालयका उप-महालेखा नियन्त्रक रविचन्द्र अर्यालले 'सरकारी कारोबारका समसामायिक विषयहरू' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक सिग्देलले सबै स्थानीय तहमा अनुमतिप्राप्त वाणिज्य बैंकका शाखाको उपस्थिति रहेकोले उक्त शाखाबाट सरकारी कारोबार सञ्चालनको व्यवस्था मिलाइएको जानकारी दिनुभयो ।

सो अवसरमा विभागका निर्देशक विनोदराज लेखकले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक रोबिका श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# नेपालगञ्जमा लेखा निर्देशिकासम्बन्धी अनुशिक्षण

वित्त व्यवस्थापन विभागले माघ २३ गते नेपालगञ्जमा 'नेपाल राष्ट्र बैंक लेखा निर्देशिका, २०८०' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यकारी निर्देशक राजेन्द्र भट्टराईको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा वित्त व्यवस्थापन विभागसँगै विभिन्न विभाग/कार्यालयका कर्मचारीको सहभागिता थियो । कार्यक्रमको व्यावसायिक सत्रमा दुई वटा वार्ता प्रस्तुत गरिएको थियो । विभागका निर्देशक राजनदेव भट्टराईले 'नेपाल राष्ट्र बैंक लेखा निर्देशिका, २०८०' को भाग १ र २ तथा उप-निर्देशक राकेश प्रजापतिले भाग ३ र ४ मा उल्लिखित व्यवस्थाबारे वार्ता प्रस्तुत गर्नुभयो ।

सो अवसरमा कार्यकारी निर्देशक भट्टराईले लेखा निर्देशिकाको प्रभावकारी कार्यान्वयनले बैंकको लेखा प्रणाली विश्वसनीय हुने उल्लेख गर्दै संस्थागत सुशासन, पारदर्शिता र वित्तीय अनुशासन कायम गर्न यसले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । नेपालगञ्ज कार्यालयका निर्देशक नारायणप्रसाद पोखरेलले बैंकका




कामकारबाहीलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप लेखा निर्देशिकाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने धारणा राख्नुभयो ।

विभागका निर्देशक राजनदेव भट्टराईले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने प्रधान सहायक विश्वनाथ अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# विद्युतीय माध्यमबाट भुक्तानी प्रदान गर्ने कार्यविधिसम्बन्धी गोष्ठी



वित्त व्यवस्थापन विभागले पुस २५ गते काठमाडौंमा 'नेपाल राष्ट्र बैंक विद्युतीय माध्यमबाट भुक्तानी प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७८' विषयक गोष्ठी आयोजना गऱ्यो ।

कार्यकारी निर्देशक राजेन्द्र भट्टराईको उपस्थितिमा आयोजित गोष्ठीमा विभागका कर्मचारीहरूको सहभागिता थियो । सो अवसरमा विभागका सहायक निर्देशक रन्जन तचामोले 'नेपाल राष्ट्र बैंक, विद्युतीय माध्यमबाट भुक्तानी प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७८' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक भट्टराईले सुरक्षित, स्वस्थ र सक्षम भुक्तानी प्रणालीको विकास गर्नु राष्ट्र बैंकको उद्देश्य रहेको उल्लेख गर्दै विद्युतीय भुक्तानीको विकास र विस्तारले बैंकको दैनिक कामकारवाहीलाई सहजीकरण गरेको धारणा राख्नुभयो । विद्युतीय भुक्तानीको प्रयोगसँगै कार्यसम्पादनको लागत, समय र प्रभावकारितामा व्यापक सुधार ल्याएको र प्रविधिजन्य जोखिमसमेत बढ्दै गएकोले त्यसप्रति सजक रहन उहाँले कर्मचारीहरूलाई आग्रह गर्नुभयो ।

सो अवसरमा विभागका निर्देशक राजनदेव भट्टराईले स्वागत मन्तव्य राख्दै गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने का.मु. निर्देशक प्रियंका बस्यातले समापन मन्तव्य राख्नुभयो । विभागका उप-निर्देशक कृष्णशरण फुयालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# जनकपुरमा आर्थिक तथ्याङ्कसम्बन्धी गोष्ठी

जनकपुर कार्यालयले माघ १४ गते 'आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता र तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयक १ (एक) दिने गोष्ठी आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक डिलाराम सुवेदीको अध्यक्षतामा आयोजित कार्यक्रममा सरकारी निकाय, बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो । सो अवसरमा आर्थिक अनुसन्धान विभागका निर्देशक सत्येन्द्रराज सुवेदीले आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता, नीति निर्माणमा तथ्याङ्कको भूमिका तथा विश्वसनीय र गुणस्तरीय तथ्याङ्कको आवश्यकताबारे प्रकाश पार्दै आर्थिक विश्लेषण तथा नीतिगत निर्णयमा तथ्याङ्कको भूमिकाका सम्बन्धमा स्पष्ट पार्नुभयो ।




यसै गरी, जनकपुर कार्यालयका उप-निर्देशक स्नेहा अग्रवालले तथ्याङ्क सङ्कलन प्रक्रियामा देखिने व्यावहारिक समस्या, स्थानीय तहमा तथ्याङ्क सङ्कलनका चुनौतीका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । दुवै प्रस्तुतिउपर सहभागीहरूबीच छलफल भएको थियो ।

गोष्ठीमा समापन मन्तव्य राख्दै निर्देशक सुवेदीले आर्थिक तथ्याङ्कको गुणस्तर सुधार, समन्वयात्मक तथ्याङ्क सङ्कलन प्रणालीको विकास र तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई सुदृढ बनाउन यस्ता गोष्ठीहरू महत्त्वपूर्ण हुने धारणा राख्नुभयो ।

कार्यालयका सहायक शिवराम यादवले उक्त गोष्ठी सञ्चालन गर्नुभएको थियो । ■

# शङ्कास्पद विदेशी मुद्रा पहिचान र जाली नोट पहिचानसम्बन्धी अनुशिक्षण




जनकपुर कार्यालयले पुस २४ गते शङ्कास्पद विदेशी मुद्रा पहिचान, बैंकिङ कारोबार सञ्चालन, नोट सर्टिङ तथा जाली नोट पहिचानसम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गर्‍यो ।

कार्यालयका निर्देशक डिलाराम सुवेदीको अध्यक्षतामा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्था, नेपाल प्रहरी, सशस्त्र प्रहरी, भन्सार कार्यालयका प्रतिनिधिको सहभागिता थियो । सो अवसरमा बैंकिङ विभागका उप-निर्देशक माधवप्रसाद पोखेलले शङ्कास्पद विदेशी मुद्रा पहिचान, विदेशी मुद्रासम्बन्धी नीतिगत व्यवस्था र मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक रुकु पन्थीले शङ्कास्पद मुद्रा पहिचान, बैंकिङ कारोबार सञ्चालन, नोट सर्टिङ र जाली नोट पहिचान सञ्चालनमा देखिएका प्रमुख समस्या र चुनौतीबारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा निर्देशक सुवेदीले नोटको प्रकृति र हिफाजत, कारोबारको संवेदनशीलता तथा जाली नोट प्रयोगको नियन्त्रणका निम्ति सरोकारवाला निकायबीच समन्वय हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । साथै, उक्त अनुशिक्षणले शङ्कास्पद र जाली नोटको पहिचान तथा नियन्त्रणका निम्ति सहयोग पुग्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

सो अवसरमा जनकपुर कार्यलयका का.मु. उप-निर्देशक अनिलकुमार झाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायकद्वय नवीना तामाङ र सुनेना विश्वासले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# ज्ञान आदानप्रदान कार्यक्रम

२०८२ माघ महिनामा विभिन्न विभाग/कार्यालयले ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेका छन् । यसै क्रममा सुर्खेत कार्यालयले माघ १२ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो । सो अवसरमा कार्यालयका सहायक निर्देशक भुपेन्द्र विश्वकर्माले 'कर्मचारीलाई सापटी प्रदान गर्दा सुरक्षणबापत राखिने धितोको निरीक्षण तथा आवश्यक लिखतहरू' विषयमा प्रस्तुति दिनुभयो । त्यस क्रममा उहाँले कर्मचारीलाई सापटी प्रदान गर्दा सुरक्षणबापत राखिने धितोको निरीक्षण गर्ने तरिका, धितोको निरीक्षणमा प्रभाव पार्ने कारक, अख्तियारनामा, वारेसनामा, कर्मचारी सापटी तमसुक, मञ्जुरीनामा, दृष्टिबन्धक र अन्य आवश्यक कानुनी लिखतबारे जानकारी दिनुभयो ।

मौद्रिक व्यवस्थापन विभागले माघ १८ गते तरलताको अवस्था र मौद्रिक व्यवस्थापनका उपकरणको प्रयोगका सम्बन्धमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गर्‍यो । सो अवसरमा विभागका सहायक निर्देशक कवीन्द्रबाबु बस्नेतले 'तरलताको अवस्था र मौद्रिक व्यवस्थापनका उपकरणको प्रयोग' सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले अहिलेको तरलता स्थिति र केन्द्रीय बैंकले अवलम्बन गरेका तरलता व्यवस्थापनका उपकरणबारे चर्चा गर्नुभयो । ■


सुर्खेत कार्यालय



मौद्रिक व्यवस्थापन विभाग

## Major Financial Indicators

as on Pus End, 2082 (Mid-Jan, 2026)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 113.86 | 10.35 | 2.26 | 126.47 |
| 2 | Total Credit/GDP | 84.34 | 8.79 | 1.73 | 94.86 |
| 3 | Total Credit/ Total Deposit** | 74.07 | 84.91 | 76.40 | 75.00 |
| 4 | CD Ratio* | 73.33 | 84.48 | 76.51 | 74.29 |
| 5 | Fixed Deposit/Total Deposit | 42.50 | 39.17 | 61.03 | 42.56 |
| 6 | Saving Deposit/Total Deposit | 40.65 | 48.89 | 27.32 | 41.08 |
| 7 | Current Deposit/Total Deposit | 7.53 | 2.87 | 1.55 | 7.04 |
| 8 | Call Deposit/Total Deposit | 8.60 | 8.93 | 10.03 | 8.65 |
| 9 | NPL/ Total Loan^ | 5.26 | 5.75 | 11.86 | 5.42 |
| 10 | Total LLP /Total Loan | 5.74 | 5.68 | 10.57 | 5.83 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 5.20 | 6.06 | 5.94 | 5.29 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 10.69 | 7.73 | 14.61 | 10.52 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 15.68 | 14.32 | 11.65 | 15.49 |
| 3 | Total Liquid Assets/Total Deposit | 27.27 | 24.47 | 30.50 | 27.10 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 9.48 | 10.44 | 10.73 | 9.58 |
| 2 | Total Capital/RWA | 12.49 | 13.31 | 13.03 | 12.57 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 5,092 | 1,128 | 291 | 6,511 |
| 3 | No. of Deposit Accounts | 53,023,438 | 7,689,626 | 1,066,808 | 61,779,872 |
| 4 | No.of Loan Accounts | 1,678,406 | 268,859 | 77,015 | 2,024,280 |
| 5 | No. of Branchless Banking Centers | 784 | 4 | - | 788 |
| 6 | No. of Branchless Banking Customers | 276,128 | 547 | - | 276,675 |
| 7 | No. of Mobile Banking Customers | 24,853,030 | 3,830,609 | 319,345 | 29,002,984 |
| 8 | No. of Internet Banking Customers | 1,704,429 | 604,141 | 19,773 | 2,328,343 |
| 9 | No. of ATMs | 4,899 | 339 | 39 | 5,277 |
| 10 | No. of Debit Cards | 12,601,066 | 1,315,127 | 81,356 | 13,997,549 |
| 11 | No. of Credit Cards | 322,773 | 3,684 | - | 326,457 |
| 12 | No. of Prepaid Cards | 267,198 | 4,470 | - | 271,668 |
| **E. Interest Rate(%)** | | | | | |
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **3.56** | | | |
| | (a) Saving | 2.93 | | | |
| | (b) Fixed | 5.24 | | | |
| | (c) Call | 0.76 | | | |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **7.12** | | | |

**Note:**

Bank balance includes money at call
Nominal GDP for 2024/25(P) stands at Rs. 6,107,220 million
(Source:https://nsonepal.gov.np/content/13365/annuppout-statistics-regarding-national-audit-of-national/)
Number of branches include head office, banking branches and extention counters
$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio
^Data as on Poush end of FY2082/83 (2025/26)

*CD Ratio =

$$\frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

**Total Credit / Total Deposit = $\frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

# केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले २०८२ माघ महिनामा विभिन्न तीन वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ । यसै क्रममा केन्द्रले माघ ११ देखि १५ गतेसम्म पोखरामा 'Banking Operation and Currency Management' विषयक सहायकस्तरीय तालिम कार्यक्रम सञ्चालन गर्‍यो । १२ वटा सत्रमा सञ्चालित उक्त तालिममा बैंकिङ अपरेसन र मुद्रा व्यवस्थापनको परिचय, विद्युतीय चेक क्लियरिङ र अन्तरबैंक भुक्तानी, खाता व्यवस्थापन, प्रतीतपत्रमार्फत हुने कारोबार, नगद व्यवस्थापन, विदेशी विनिमय कारोबार, बैंक नोटको सुरक्षण विशेषता लगायतका विषयमा प्रशिक्षण दिइएको थियो । सो अवसरमा विभिन्न विभाग/कार्यालयका ३० जना कर्मचारीको सहभागिता थियो ।

यसै गरी, केन्द्रले माघ १२ देखि २० गतेसम्म थापाथलीमा 'AML/CFT Regime and Supervisory Aspects' विषयक तालिम सञ्चालन गर्‍यो । नौ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयमा कार्यरत अधिकृतस्तरका ३० जना कर्मचारीको सहभागिता थियो । सो अवसरमा सहभागीलाई नेपालमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनी र नीतिगत व्यवस्थाको परिचय, रिपोर्टिङ निकायको दायित्व, नियामक तथा सुपरिवेक्षकीय निकायको भूमिका, वित्तीय जानकारी आदानप्रदानको संयन्त्र, पारस्परिक मूल्याङ्कनलगायतका विषयमा प्रशिक्षण दिइएको थियो ।

यसै गरी, केन्द्रले माघ २५ देखि २८ गतेसम्म थापाथलीमा 'Management Development Program' विषयक तालिम सञ्चालन गर्‍यो । १२ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयमा कार्यरत अधिकृतस्तरका ३० जना कर्मचारीको सहभागिता थियो । सो अवसरमा सहभागीलाई स्व:व्यवस्थापन, स्व:उत्प्रेरणा, सदाचारिता, द्वन्द्व व्यवस्थापन, वार्ता शैली, अन्तरवैयक्तिक सम्बन्ध, विविधता व्यवस्थापन, शिष्टाचारलगायतका विषयमा प्रशिक्षण दिइएको थियो । ■

## अवकाश

सिद्धार्थनगर कार्यालयका उप-निर्देशक माधवराज ढकालले २०८२ माघ ३ र लघुवित्त संस्था सुपरिवेक्षण विभागका उप-निर्देशक नरेशकुमार अधिकारी माघ २१ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ ।

उहाँहरूले ५८ वर्षे उमेरहदका आधारमा अवकाश पाउनुभएको मानव संसाधन व्यवस्थापन विभागले जनाएको छ । *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ । ■

**प्रकाशक**
नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय
सूचना तथा सञ्चार महाशाखा
बालुवाटार, काठमाडौं,
फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

**सम्पादक**
डा. सञ्जयप्रसाद मिश्र

**सम्पादन सहयोगी**
रोशन सेढाई
लालकुमार सुवेदी
नीरज पाण्डेय

**ले-आउट**
संजीव दाहाल